खण्ड ४ संख्या १२

## सरक्षित आबास  कार्यक्रम कार्यन्वयन कार्यविधी, २०७७

नेपालको संविधानको धारा ३७ को आवासको हक तथा धारा ४२ उपधारा (२) र (५) मा आर्थिक रुपले विपन्न, लोपोन्मुख समुदाय, द्धन्द्ध पीडित, शहिद तथा घाइतेहरुको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा प्राथमिकता पाउने हक हुने व्यवस्था भएकोले यस नगरपालिका अन्तगर्तका दलित, जनजाती, अल्पसंख्यक, एकल महिला, आर्थिक रुपमा अतिविपन्न वर्गहरुलाई  सुरक्षित आवासको लागि खरका छाना भएका घरहरुमा जस्तापाताका छाना लगाउने व्यवस्था गर्न केन्द्रिय सरकार, प्रदेश सरकार र नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमलाई कार्यन्वयन गर्न चौदण्डीगढी नगरपालिकाको नगर सभाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को छ (९) को अधीनमा रही ऐ. ऐनको दफा १०२ बमोजिम प्रस्तुत कार्यविधि वनाएको छ।

### परिच्छेद १
### <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भः**

क.  यस कार्यविधिको नाम " सुरक्षित अबास कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७७" रहेको छ ।

ख. यो कार्यविधि चौदण्डीगढी नगरपालिकाको राजपत्रमा भए पछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "नगर सभा" भन्नाले चौदण्डीगढी नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले चौदण्डीगढी नगर कार्यपालिका सम्झनु पर्दछ।

ग) "समन्वय तथा सहजीकरण अनुगमन समिति" भन्नाले दफाको उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

घ) " सुरक्षित आवास कार्यक्रम" भन्नाले यस कार्यक्रम कार्यन्वयनका लागि छनोट भएका लाभग्राहीका घरमा जस्तापाता लगाउने कार्य तथा वस्ती विकासका लागि सहयोग पुग्ने अन्य क्रियाकलापहरु जस्तै पेटी निर्माण, गोरेटो बाटो निर्माण आदि सम्झनु पर्दछ ।

ङ) "लाभग्राही" भन्नाले दफा (४) वमोजिम छनोट भएको लाभग्राही घरधनी सम्झनु पर्दछ ।

### परिच्छेद २
### लाभग्राहीको पहिचान तथ्याङ्क संकलन

**३. लाभग्राहीको पहिचान**

१) लाभग्राही वर्गको पहिचान देहायका आधारमा गरिने छः

क) विगत २ वर्ष देखि सो स्थानमा बसोवास गर्दै आएको प्रमाण।
ख) जग्गाधनी प्रमाण पुर्जा वा विगत देखि वसोवास गर्दै आएको भन्ने वडा कार्यालयको सिफारिस।
ग) लाभग्राही वसोवास गर्दै आएको घरको भौतिक अवस्था।
(२) उपदफा (१) वमोजिम पहिचान भएका लाभग्राहीको लगत सम्बन्धित वडा कार्यालय मार्फत संकलन गरिने छ।

**४. लाभग्राही छनौटका आधारः**

१) लाभग्राही छनौट सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी नगरपालिकाले गर्ने छ ।
२) लाभग्राही छनौट गर्ने प्रयोजनका लागि लाभग्राहीले हाल प्रयोग गरिएको घरको क्षेत्रफल, भुई, गारो तथा छानाको साईज तयारी गरिने छ वा नयाँ घर निर्माणका लागि साईज उपलब्ध न.पा.ले गर्ने छ ।
३) लाभग्राही छनौट गर्दा दलित, अल्पसंख्यक, जनजाती, असाहय, जेष्ठ नागरिक, एकल महिला, अनाथ तथा वालवालिका, अपाङ्गता भएका व्यक्ति, आर्थिक रुपले अत्तिविपन्न, शहिद परिवारलाई पहिलो प्राथमिकता दिईने छ। स्पस्टिकरणः निबदेकले आधिकारिक निकायबाट जारी भएको परिचय खुल्ने कागजात वा परिचय पत्र र सम्बन्धित वडाको सिफारिश समेत पेश गर्नु पर्ने छ।
४) सगोलमा रहेका परिवारले एक घरका लागि मात्र सुविधा पाउने छन् ।

**५. कार्यक्रम कार्यन्वयन स्थलः**

क) चौदण्डीगढी नगरपालिका भित्रका दफा (४) उपदफा (१) वमोजिम नगरपालिकाले छनौट गरेका लाभग्राहीका घरहरुमा कार्यन्वयन गरिने छ ।
२) दलित, अल्पसंख्यक तथा अत्ति विपन्नको वसोवास रहेको निश्चित वस्ती वा टोल।

## परिच्छेद -३
## बजेट व्यवस्था, गुणस्तर पहिचानका आधार तथा खरिद प्रक्रिया

**६. बजेट व्यवस्थाः**

१) वस्ती विकास शिर्षकमा केन्द्रिय सरकार, प्रदेश सरकारबाट प्राप्त बजेट र नगर सभाबाट स्वीकृत बजेट नगरपालिकाले उपलब्ध गराउने छ ।

**७. गुणस्तर पहिचानका आधारः**

१) वस्ती विकास कार्यक्रम अन्तगत प्रयोग गरिने जस्तापाताको गुणस्तर नगरपालिकाको प्राविधिक स्टीमेट वमोजिम कार्यपालिकाले निर्धारण गरे अनुसार मान्यता कम्तीमा ३९ एम.एम. र ४६ एम.एम. सम्मको रंगिन रातो/निलो जस्तापाता हुनेछ । सो जस्तापातामा नगरपालिकाको पहिचाहन खुलाईने छ ।
२) लाभग्राहीलाई जस्ता पाता वितरण गर्दा लाभग्राही व्यक्ति समुदायले छाउने योग्य वनाई सकेपछि प्राविधिक जाँच सम्बन्धीत लाभग्राहीको निवेदन र वस्ती विकास कार्यक्रम समन्वय समितिको सिफारिस सहितको प्रतिवेदन

तथा सम्बन्धित वडाको सिफारिसको आधारमा प्रति घर अधिकतम २२.५×१३.५ र न्यनतम प्राविधिक मूल्याङ्कनको आधारमा वा हाल वसोवास गर्दै आएको घर वरावरको वितरण गरिने छ ।

३) दफा (४) अनुसार लाभग्राही छनौट गरिसकेपछि नगरपालिकाले स्वीकृत बजेट अन्तगर्त रही एक मुस्ट रुपमा जस्तापाता सार्बजनिक खरिद ऐन, २०६३ अनुसार गरिने छ ।

**८. सहभागीता र व्यवस्थापनः**

१) लाभग्राहीले सुविधा प्राप्त गर्नु अगावै घरमा जस्तापाता लगाउन आवश्यक निर्माण कार्य पुरा गरीसक्नु पर्नेछ।

२) जस्तापाता प्राप्त गरिसकेपछि छाउने लगाएत घरको सम्भार गर्ने जिम्वेवारी लाभग्राहीको हुनेछ ।

**९. कार्यक्रम कार्यन्वयनः**

१) लाभग्राही जस्तापाता उपलब्ध गराउदा देहायका प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ ।

क) घरमा जस्तापाता तयार भएको प्राविधिकको मूल्याकन सहितको सिफारिस ।

ख) लाभग्राहीलाई नागरिकताको प्रतिलिपी

ग) सम्बन्धित जग्गाधनीको पूर्जा वा भोगचलन गरेको वडाको सिफारिस ।

घ) स्थायी बसोबास भएको सम्बन्धित वडाको सिफारिस ।

२) उपदफा (१) बमोजिमको प्रक्रिया पुरा गरिसकेपछि दफा (१०) अनुसार गठित समितिको निर्णय अनुसार लाभग्राहीलाई जस्ता पाता उपलब्ध गराईने छ ।

३) नगरपालिकाको कुनै वस्ती सुधार गर्दा कुनै वडामा रहेको दलित तथा अत्ति विपन्न वर्ग बसोबास रहेका वस्ती विस्तार तथा सुधार गर्नु पर्ने आवश्यकता देखिएका उपभोक्ता समिति गठन गरी प्राविधिक मूल्याकन तथा सिफारिसको आधारमा उक्त वस्ती सुधार कार्यक्रमको भुक्तानी दिइने छ ।

## परिच्छेद ४

## समिति सम्बन्धी

**१०. समन्वय अनुगमन तथा सहजीकरण समितिः**

१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था तथा समन्वय अनुगमन तथा सहजीकरण गर्न देहाय बमोजिमको समिति रहनेछ ।

क) नगरपालिका प्रमुखः -- संयोजक

ख) नगरपालिका उपप्रमुखः -- सदस्य

सम्पूर्ण वडा अध्यक्षः -- सदस्य

घ) सम्बन्धित वडाले सिफारिस गरेको वडा सदस्य मध्येबाट वडा अध्यक्षले सिफारिस गरेको वडा सदस्य १/१ जना

ङ) कार्यपालिकाका महिला सदस्य १ जनाः सदस्य

च) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

छ) लेखा प्रमुखः सदस्य

ज) जिन्सी योजना प्रमुखः सदस्य

झ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको १ जनाः सदस्य सचिव

**११. समिति काम, कर्तव्य र अधिकारः**

१.समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय गर्न वडा कार्यलयहरुलार्य आवश्यक निर्देशन दिने ।

ग) कार्यक्रम प्रगति समीक्षा गर्ने ।

घ) कार्यक्रम कार्यन्वयनको क्रममा आईपर्ने बाधा अड्चन फुकाउने ।

ङ) कार्यक्रमको अनुगमन मूल्याकन गरी नगरपालिकालाई पृष्ठपोषण दिने ।

**१२. बैठक सम्बन्धी कार्यविधिः**

१) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विविध

**१३. निर्देशन पालाना गर्नुपर्नेः** नगरपालिकाले समन्वय अनुगमन सहजीकरण समितिलाई कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन समितिले पालाना गर्नु पर्नेछ ।

**१४. विवादको समाधानः** कार्यक्रम कार्यान्वयनको सिलसिलामा समन्वय समिति र लाभग्राही बीच कुनै विवाद उत्पन्न भएमा समन्वय सहजीकरण अनुगमन समितिबाट दिएको निर्देशन अन्तिम हुनेछ ।

**१५.फरफारकः** लाभग्राहीले कुनै कारणवस पुरा काम नगरी बीचमै छोडेमा गरेको कामको मुल्याकन गरी खर्च फरफारक गरिनेछ ।

**१६. बेचविखन गर्न नपाउनेः** लाभग्राहीले आवास निर्माण सम्पन्न गरे पश्चात ५ वर्ष सम्म बेचविखन गर्न पाउने छैन ।

**१७. सुविधा नपाउनेः** यस कार्यविधि बमोजिम एक पटक सुविधा प्राप्त गरिसकेका लाभग्राहीले पुन आवास पाउने छैन ।

**१८. प्रचलित कानून बमोजिम हनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले

स्वीकृती मिति २०७७/९/२४

ध्रुबराज कार्की

प्रमुख प्रशासकीय अधिकृत